**आकाशवाणी समाचार- नेपाली**

मितिः ३० जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु आज पश्चिम बंगाल र झारखण्डको तीन दिवशीय भ्रमणमा रहनुहुनेछ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वका कुनै पनि नेताले भारतलाई 'अपरेसन सिन्दूर' रोक्न आग्रह नगरेको बताउनुभएको छ ।
- केन्द्रीय संचार मन्त्री ज्योतिरादित्य सिन्धियाले हिज हिन्दी र २१ क्षेत्रीय भाषामा सञ्चार साथी मोबाइल एपको शुभारम्भ गर्नुभएको छ ।
- शिक्षा मंत्री धर्मेन्द्र प्रधानले राष्ट्रीय शिक्षा नीति 2020 ले विश्वस्तरीय शिक्षालाई सार्वभौमिक रूपमा बढ़ावा दिनुका लागि तैयार गरिएको एक दार्शनिक रूपरेखाको रूपमा कार्य गर्ने बताउनुभएको छ।
- भारतीय अन्तरिक्ष अनुसन्धान संगठनले आज सिन्थेटिक एपर्चर राडार उपग्रह निसार अन्तरिक्षमा प्रक्षेपण गर्ने भएको छ।

**राष्ट्रपति- पश्चिम बंगाल र झारखण्डको भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मु आज पश्चिम बंगाल र झारखण्डको तीन दिवशीय भ्रमणमा रहनुहुनेछ। राष्ट्रपति मुर्मु पश्चिम बंगालको कल्याणीस्थित अखिल भारतीय चिकित्सा विज्ञान संस्थानको पहिलो दीक्षान्त समारोहमा भाग लिनुहुनेछ।उहाँ झारखण्डमा एम्स देवघरको पहिलो दीक्षान्त समारोहमा पनि भाग लिनुहुनेछ । त्यसपछि उहाँ धनबादस्थित आइआइटी (इन्डियन स्कुल अफ माइन्स) को ४५ औं दीक्षान्त समारोहमा भाग लिनुहुनेछ ।

**प्रधानमन्त्री -अप्रेशन सिन्दुर**

प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वका कुनै पनि नेताले भारतलाई 'अपरेसन सिन्दूर' रोक्न आग्रह नगरेको बताउनुभएको छ । संयुक्त राज्य अमेरिकाको दबाबमा पाकिस्तानसँग युद्धविराम गर्न सहमत भएको विपक्षीहरूको आरोपको बीच प्रधानमन्त्री श्री मोदीले यस्तो टिप्पणी गर्नुभएको हो। उहाँले पाकिस्तानी पक्षले नै भारतलाई अपरेसन सिन्दूर रोक्न आग्रह गरेको बताउनु भयो । उहाँले अझ भन्नुभयो , 'अमेरिकाका उपराष्ट्रपतिसँगको बैठकमा भारतले आफ्नो अडान स्पष्ट पारेको छ कि यदि पाकिस्तानले आक्रमण गर्यो भने भारतले ठूलो आक्रमण गरेर जवाफ दिनेछ। हिज लोकसभामा 'अपरेसन सिन्दूर' सम्बन्धी विशेष चर्चाको जवाफ दिंनुहुदै प्रधानमन्त्री श्री मोदीले, 'भारतले अपरेसनको क्रममा पाकिस्तानभित्र रहेका आतङ्कवादी शिविरहरू ध्वस्त पारेको बताउनुभयो । पहलगाम आतंकवादी हमलापछि भारतले पाकिस्तानलाई उचित जवाफ दिएको र भारतीय सशस्त्र बलले २२ औं आतंकवादी हमलाको बदला मात्र २२ मिनेटमा लिएको उहाँले बताउनु भयो । उहाँले भारतले पाकिस्तानको परमाणु ब्ल्याकमेल सामु झुक्न नसक्ने विश्वलाई देखाएको बताउनुभयो । श्री मोदीले भन्नुभयो , 'विश्वले अपरेशनको क्रममा आत्मनिर्भर भारतको शक्ति देखेको छ र भारतमा निर्मित ड्रोन र परमाणुले पाकिस्तानी हातहतियार र गोलाबारुदको क्षमतालाई उजागर गरेको छ। प्रधानमन्त्री श्री मोदीले अप्रेसन सिन्दूरमा काँग्रेसले देशलाई सहयोग नगरेको आरोप लगाउनु भयो । उहाँले भन्नुभयो , 'भारत आत्मनिर्भरताको दिशामा तीव्र गतिमा अघि बढिरहेको छ, तर कंग्रेसले पाकिस्तानबाट मुद्दाहरू आयात गरिरहेको छ। प्रधानमन्त्री श्री मोदीले अझ भन्नुभयो 'देशको राष्ट्रिय सुरक्षाका लागि कंग्रेस पार्टीसँग कहिल्यै स्पष्ट दृष्टिकोण थिएन र कंग्रेस नेतृत्वको सरकारको कमजोर शासनका कारण आतंकवादी हमलामा धेरै नागरिकले ज्यान गुमाएका थिए।

**1-Byte प्रधानमन्त्री**

**केन्द्रिय गृहमन्त्री अमित शाह -'अपरेशन सिन्दूर'**

केन्द्रिय गृहमन्त्री अमित शाहले हिज लोकसभामा कांग्रेसमाथि तुष्टीकरणको राजनीति गरेको र पाकिस्तानप्रति नरम नीति अपनाएको आरोप लगाउनु भयो । उहाँले भन्नुभयो- सबै आतङ्कवादको जरा पाकिस्तान हो।गृहमन्त्री अमित शाहले हिजोदेखि लोकसभामा जारी पहलगाममा आतङ्कवादी हमलाको जवाफमा भारतको सशक्त, सफल र निर्णायक 'अपरेशन सिन्दूर' माथि विशेष चर्चामा भाग लिनुहुदै - अपरेशन महादेव, पहलगाम हमलामा एनआईए जाँच, पूरा घटनाक्रम र आङ्तकवाद विरूद्ध भाजपा सरकारको जीरो टलरेन्सको नीतिसित अवगत गराउनु भयो । उहाँले कांग्रेस सरकारहरूमा कथित रूपमा गरिएको ऐतिहासिक गल्तीहरूको पनि उल्लेख गर्नुभयो l

**पहलगाम रक्षा मंत्री राजनाथ सिंह**

पहलगाममा भएको आतंकवादी हमलाको जवाफमा भारतको सशक्त, सफल र निर्णायक अपरेशन सिन्दूरबारे आज राज्यसभामा विशेष छलफल भएको छ। चर्चाको शुरुवातमा रक्षामन्त्री राजनाथ सिंहले पहलगाममा २६ जना निर्दोष व्यक्तिको निर्मम हत्या गर्ने तीन आतङ्ककारीलाई मारेकोमा जम्मु–कश्मीरमा भारतीय सेना र सुरक्षा बललाई बधाई दिनुभयो । उहाँले अझ भन्नुभयो , 'अप्रेसन सिन्दूरको उद्देश्य आतङ्कवादी लन्च प्याडहरू नष्ट गर्नु र भारतले आतङ्कवादप्रति शून्य सहनशीलताको नीति अपनाएको स्पष्ट सन्देश दिनु थियो l

2-Byte राजनाथ सिह

**शिक्षा मंत्री धर्मेंद्र प्रधान - राष्ट्रीय शिक्षा नीति-एनईपी**

शिक्षा मंत्री धर्मेन्द्र प्रधानले हिज नयाँ दिल्लीमा अखिल भारतीय शिक्षा समागम 2025 लाई संबोधित गर्नु भयो। उहाँले भन्नु भयो - राष्ट्रीय शिक्षा नीति 2020 विश्वस्तरीय शिक्षालाई सार्वभौमिक रूपमा बढ़ावा दिनुका लागि तैयार गरिएको एक दार्शनिक रूपरेखाको रूपमा कार्य गर्द छ। यस योजनाले हरेक भारतीय भाषालाई प्रोत्साहित गरेकोछ जसको लाभ देशका विद्यार्थीहरुलाई प्राप्त भइरहेकोछ। उहाँले अझ भन्नु भयो आफ्नै मातृभाषामा लेख्न पढ्न र भाव प्रकट गर्न पाउनाले गाँवका विद्यार्थीहरुलाई प्रतिस्पर्धात्मक परिक्षाहरूमा प्रतिस्पर्धा गर्न सहज बनाएको छ। जसको फलस्वरूप सरकारी नौकरीका लागि मातृभाषामा परीक्षा दिनु सरल भएकोछ। तथा मातृभाषाले प्रतियोगिहरूलाई अब्बल पनि बनाएको छ।

**3-बाइट -धर्मेन्द्र प्रधान**

**संचार मन्त्री ज्योतिरादित्य सिन्धिया- एप शुरुवात**

केन्द्रीय संचार मन्त्री ज्योतिरादित्य सिन्धियाले हिज हिन्दी र २१ क्षेत्रीय भाषामा सञ्चार साथी मोबाइल एपको शुभारम्भ गर्नुभएको छ । मूल रुपमा जनवरीमा सार्वजनिक गरिएको यो एपले प्रयोगकर्ताहरुलाई शंकास्पद सञ्चारको रिपोर्ट गर्न, हराएका वा चोरी भएका फोनहरू ब्लक गर्न वा ट्रेस गर्न र अनधिकृत मोबाइल जडानहरूको जाँच गर्न अनुमति दिदछ । यो एप ४६ लाखभन्दा अधिक पटक डाउनलोड भइसकेको छ । श्री सिंधियाले नयाँ दिल्लीमा टेलिकमसँग सम्बन्धित साइबर फ्रड विरुद्धको प्रयासलाई थप मजबुत बनाउन का लागि हितधाराकहरुको बैठकमा यो योजना सार्वजनिक गर्नुभएको हो

**नौसेना -जापान**

नौसेना प्रमुख एडमिरल दिनेश के त्रिपाठी जापानको चारदिवशीय औपचारिक भ्रमणमा हुनुहुन्छ । भ्रमणको क्रममा नौसेना प्रमुख श्री त्रिपाठीले जापानका रक्षामन्त्री जनरल नाकातानी, रक्षा उपमन्त्री मासुदा काजुओ लगायत जापान सरकारका वरिष्ठ अधिकारीसँग द्विपक्षीय बैठक गर्ने कार्यक्रम रहेको छ । यो भ्रमण भारत र जापान बीच द्विपक्षीय रक्षा सम्बन्धलाई सुदृढ गर्ने जारी प्रयासको एक अंश हो, जुन गहिरो 'विशेष रणनीतिक र वैश्विक साझेदारी' अनुरूप, समुद्री सहयोग बढाउनमा केन्द्रित रहेको छ।

**पेट्रोलियम  प्राकृतिक गैस मंत्री हरदीप सिंह पुरी**

पेट्रोलियम तथा प्राकृतिक ग्याँस मन्त्री हरदीप सिंह पुरीले भारतमा तेल र ग्याँस को खोज , विशेष गरी अपतटीय क्षेत्रहरूमा, नयाँ वृद्धि भइरहेको बताउनु भएको छ । उहाँले  यो उपलब्धिले देशको अपार अप्रयुक्त हाइड्रोकार्बन क्षमतालाई दर्शाएको बताउनुभएको छ  । राज्यसभामा श्री पुरीले सन् २०२२ मा तेल र ग्यास को खोजका लागि लगभग  १० लाख वर्ग किलोमिटर क्षेत्र खुला गर्नु ऐतिहासिक विकास भएको बताउनु भएको छ  ।

**नासा -निसार**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठनले आज  सिन्थेटिक एपर्चर राडार उपग्रह  निसार अन्तरिक्षमा प्रक्षेपण गर्ने भएको छ। यो इसरो र अमेरिकी अन्तरिक्ष एजेन्सी नासाको संयुक्त मिसन हो। यसमा नासाको एल–ब्यान्ड र इसरोको एस–ब्यान्ड राडार छ। आन्ध्र प्रदेशको श्रीहरिकोटास्थित सतीश धवन अन्तरिक्ष केन्द्रबाट जीएसएलभी–एफ १६ रकेटबाट साँझ ५ बजेर ४० मिनटमा प्रक्षेपण हुनेछ। यस मिसनको उद्देश्य प्रत्येक १२ दिनमा सम्पूर्ण पृथ्वी र यसको आन्तरिक गतिविधिलाई नजिकबाट नियाल्नु रहेको छ  । यसबाट  जलवायु परिवर्तन, अनुसन्धान र आपदा कारवाहीको लागी उच्च गुणस्तरको स्पष्ट छवि र डेटा उपलब्ध हुनेछ ।यो प्रणालीबद्ध रुपमा पृथ्वीको सतह र यसको मुनिको नक्साङ्कन गर्नेछ तथा  पृथ्वीका विभिन्न प्रक्रियाहरूको बारेमा वैज्ञानिक जानकारी प्रदान गर्नेछ। यसले पृथ्वी र हिमखण्डमा भइरहेको परिवर्तनको पनि अध्ययन गर्नेछ।

**रुस भूकम्प .**

रुसको कामचाट्का प्रायद्वीपको प्रशान्त तटीय क्षेत्रमा आज बिहान ८.७ म्याग्नीच्यूडको शक्तिशाली भूकम्प गएको छ। जापानमा सन् २०११ मा गएको विनाशकारी भूकम्पपछि १९ किलोमिटर गहिराइमा १३६ किलोमिटर पर केन्द्रविन्दु भएर गएको भूकम्प सबैभन्दा शक्तिशाली भूकम्प हो।